बैठक संख्या: १२

आज मिति २०८३ साल बैशाख ३ गते बिहीबार रुरुक्षेत्र गाउँपालिका अध्यक्ष श्री यदु ज्ञवालीज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठकमा निम्न प्रस्तावमा छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

समय: दिनको ११:०० बजे

स्थान: कार्यपालिका बैठक कक्ष

उपस्थिति:

| क्र.सं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री यदु ज्ञवाली | |
| २. | उपाध्यक्ष | श्री मिना देवी गौतम | मिना |
| ३. | सदस्य | श्री नवराज वि.के. | |
| ४. | सदस्य | श्री घनश्याम अर्याल | |
| ५. | सदस्य | श्री शेषनारायण पौडेल | |
| ६. | सदस्य | श्री मोती प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री हरि प्रसाद ज्ञवाली | |
| ८. | सदस्य | श्री रोमनाथ पौड्याल | |
| ९. | सदस्य | श्री लक्ष्मी भट्टराई | |
| १०. | सदस्य | श्री हरिकला वराल क्षेत्री | |
| ११. | सदस्य | श्री राजकुमारी शाही | |
| १२. | सदस्य | श्री बुद्धिमती लामिछाने | |
| १३. | सदस्य | श्री दुर्गा विश्वकर्मा | |
| १४. | सदस्य | श्री मिना कुमारी नेपाली | मिना |
| १५. | सचिव | श्री दिनेश ज्ञवाली | |

| बैठक संचालन सहयोगी |
|---|
| सहायक लेखा अधिकृत श्री हेम बहादुर कार्की |
| सहायक कम्प्युटर अधिकृत श्री दामोदर ज्ञवाली |
| ना.सु. श्री राम प्रसाद ज्ञवाली |
| ना.सु. श्री ज्ञानेन्द्र वि.क. |
| श्री मदन पौडेल (रो.अ.) |

श्री मीना चौपाने (का.स.)

मिती २०८३ बैशाख ३ गते बस्ने गाउँ कार्यपालिका बैठकका एजेन्डाहरु

१. बलेटक्सार आयुर्बेद औषधालयको भवन निर्माण सम्बन्धमा ।

२. ढुंगा गिट्टी र बालुवाको उत्खनन् तथा विक्री वितरण सम्बन्धमा ।

३. कालीकाथान कछौटे उल्लीखोला फड्के निर्माणको लागि साझेदारीमा बजेट व्यवस्था सम्बन्धमा

४. कभर्डहल रुरुक्षेत्र ५ को सेफ्टी टंकी र इनभर्टर जडान सम्बन्धमा ।

५. आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा ।

६. सम्मानित सर्बोच्च अदालतको म्याद सम्बन्धमा ।

७. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कनको नतिजा सम्बन्धमा ।

८. ISO Certify सम्बन्धमा ।

९. पालिका गान सम्बन्धमा ।

१०. पिपलडाँडा शिवालय मन्दिर पौवा मर्मत सम्बन्धमा ।

११. निशुल्क जग्गा प्रासी सम्बन्धमा ।

१२. करदातासँग सम्बन्धित सेवाहरु गाउँपालिकाबाट सम्पादन गर्ने सम्बन्धमा ।

१३. तेश्रो त्रैमासिक प्रगति समिक्षा सम्बन्धमा ।

## मिति २०८३/०१/०३ गतेको बाऱ्हौ गाउँकार्यपालिका बैठकका निर्णयहरु:

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम अन्तर्गत वडा नं. ४ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन शिर्षकमा रु. ३८ लाख विनियोजन भएकोमा उक्त बजेटबाट बोलपत्रको सूचना प्रकाशन गरी निर्माण कार्य सम्पन्न गर्न समय अभावको कारणले सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम उपभोक्ता समिति गठन गरी उपभोक्ता समितिबाट निर्माण कार्य अगाडी बढाउने । |
| २. | यस गाउँपालिकाको वडा नं. २ को पोखरेबगर क्षेत्र र रुद्रवेणी बगर क्षेत्रको नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा विक्री वितरणको लागि Everest Builders And Suppliers Pvt.Ltd., काठमाडौसँग संभौता भएकोमा उक्त फर्मबाट जानकारी तथा आवश्यक सहजिकरण सम्बन्धी पत्र यस कार्यालयमा मिति २०८२ चैत्र २६ गते पेश गरेको हुँदा प्रारम्भिक वातावरणीय परिक्षणमा उल्लेखित उक्त बगरबाट उत्खनन् हुने देहाय अनुसारको परिमाण यस गाउँपालिकाका नगर प्रहरी, प्राविधिक कर्मचारी र नेपाल प्रहरीको प्रतिनिधीहरुको रोहबरमा नदीजन्य पदार्थ मेसिन, औजार प्रयोग गरी उत्खनन् तथा विक्री वितरणको लागि आवश्यक सहजिकरण गर्न जिल्ला प्रशासन कार्यालय, गुल्मीलाई अनुरोध गर्ने ।<br>देहाय:<br>क्र.सं. / बगरको नाम / बार्षिक उत्खनन् परिमाण (घन फुट)<br>१. / रुद्रवेणी बगर क्षेत्र, वडा नं. २ / ३,३४,४९४<br>२. / पोखरेबगर क्षेत्र, वडा नं. २ / ४,६६,१४५ |
| ३. | छत्रकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, चोयगा, गुल्मीको च.नं. १०२७ मिति २०८३/०१/०२ को पत्रबाट छत्रकोट गाउँपालिका र यस गाउँपालिकाको सिमामा अवस्थित उल्लीखोलामा फड्के निर्माण कार्यको लागि कालीकाथान कछौटे उल्लीखोला फड्के निर्माण शिर्षकमा रु. १ लाख बजेट विनियोजन भएको र रुरुक्षेत्र गाउँपालिकाबाट समेत रु. १ लाख बजेट व्यवस्था भएमा फड्के निर्माण कार्य सम्पन्न हुने भएकोले रकम साझेदारीका लागि अनुरोध भई आएकोमा उक्त फड्केबाट दुबै गाउँपालिकाका जनतालाई फाईदा हुने भएकोले उक्त फड्के निर्माणको लागि रु. १ लाख बजेट विनियोजन गर्ने । |
| ४. | कभर्डहल रुरुक्षेत्र-५ को शौचालयको सेफ्टी टंकी निर्माण र इन्र्भटर जडान गर्नुपर्ने भएकोले लागत अनुमान अनुसारको बजेट व्यवस्था गरी उक्त कार्य गर्ने । |
| ५. | देहाय अनुसारको आर्थिक सहायता भुक्तानी गर्ने ।<br>**<u>१. सामाजिक सुरक्षा सहायता शिर्षकबाट भुक्तानी गर्ने:</u>**<br>(क) रुरुक्षेत्र गाउँपालिका वडा नं. ४ निवासी श्री सिर्जना खड्काको मृगौलामा समस्या भई अप्रेसन गरेको र लामो समयसम्म औषधी सेवन गर्नुपर्ने भएको, साथै घरको आर्थिक अवस्था कमजोर भएको भनी आर्थिक सहायताको लागि निवेदन पेश भएकोले निजलाई अन्य सामाजिक सुरक्षा सहायता शिर्षकबाट रु. ५० हजार उपलब्ध गराउने । |

| | |
|---|---|
| | २. विपद् व्यवस्थापन कोषबाट भुक्तानी गर्ने । (क) रुरुक्षेत्र गाउँपालिका वडा नं. १ निवासी श्री हरिलाल ज्ञवालीको छोरा श्री मधु ज्ञवालीको घरमा मिति २०८२/१२/०१ गतेका दिन परेको चट्याङ्गले विद्युत मिटर बक्स लगायत विद्युतिय तारहरु जल्न गई क्षति हुनुका साथै तीन तले कच्ची घरमा समेत क्षति भएको हुँदा आवश्यक क्षतिपूर्ति उपलब्ध गराईदिनुहुन भनी निजको पत्नी विन्दु ज्ञवालीले आवश्यक निबेदन सहित बीलहरु पेश गरेको हुँदा निजलाई बील अनुसार भएको खर्च रु. ३२,५५५/- (अक्षरुपी बत्तीस हजार पाँच सय पचपन्न रुपैया) उपलब्ध गराउने । (ख) रुरुक्षेत्र गाउँपालिका वडा नं. १ निवासी श्री शोभाखर ज्ञवालीको छोरा श्री कमलराज ज्ञवालीको घरमा मिति २०८२/१२/०१ गतेका दिन परेको चट्याङ्गले विद्युत मिटर बक्स लगायत विद्युतिय तारहरु जल्न गई क्षति हुनुका साथै निजको पत्नी मन्जु ज्ञवाली समेत जलेर घाइते भएको हुँदा विद्युत मर्मत र उपचारको लागि आवश्यक क्षतिपूर्ति उपलब्ध गराईदिनुहुन भनी कमलराज ज्ञवालीले आवश्यक निबेदन सहित बीलहरु पेश गरेको हुँदा निजलाई बील अनुसार भएको खर्च रु. ३२,२७२/- (अक्षरुपी बत्तीस हजार दुई सय बहत्तर रुपैया) उपलब्ध गराउने । |
| ६. | सम्मानित सर्वोच्च अदालतबाट जारी भएको रिट नं. ०८२-WO-०२४४ (मुद्दाः परमादेशसमेत) मा रुरुक्षेत्र गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, घिउबेसी, गुल्मीका नाउँमा जारी भएको सूचना म्यादको लिखीत जवाफ पेश गर्न सहायक कम्प्युटर अधिकृत श्री दामोदर ज्ञवालीलाई अख्तियारी प्रदान गर्ने । निजले आवश्यक परेमा कानुनविद् समेत नियुक्त गर्ने । |
| ७. | स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीका ५ वटा विषय क्षेत्रका सूचकह्रुमा यस गाउँपालिकाको आ.व. २०८१/०८२ को मूल्याङ्कन गरी पृष्णपोषणका लागि जिल्ला समन्वय समिति गुल्मीमा पठाइएकोमा जिल्ला समन्वय समितिबाट प्राप्त पृष्ठपोषणका आधारमा अन्तिम नतिजा ९३.९ कायम गरी उक्त नतिजालाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाएको विषयमा जानकारी भयो । |
| ८. | यस रुरुक्षेत्र गाउँपालिकाको व्यवस्थापन तथा सेवा प्रदानलाई अन्तराष्ट्रिय गुणस्तरका मापदण्ड अनुसार प्रमाणिकरण गर्न चालु आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेटमा व्यवस्था भएको, उक्त कार्यको लागि गाउँपालिका इच्छुक भएको हुँदा सो अनुसारका मापदण्डहरु पुरा गरी यस गाउँपालिकालाई ISO Certify बनाउन आवश्यक प्रक्रिया अगाडी बढाउने । |
| ९. | मिति २०८२/०८/१० गतेको गाउँकार्यपालिका बैठकको निर्णय नं. १ बमोजिम रुरुक्षेत्र-४, गुल्मी निवासी श्री नारायण ज्ञवालीले पेश गरेको प्रस्ताब स्वीकृत गरी उक्त पालिका गान रेकडिङ्ग गरी सार्बजनिक गर्ने निर्णय गरेको हुँदा उक्त पालिका गान देहायका व्यक्तिहरुबाट रेकडिङ्ग समेत भएकोले पालिका गान सार्बजनिक गर्ने साथै गाउँपालिका अन्तर्गतका सबै कार्यालय, संघ संस्थाहरुले औपचारिक कार्यक्रममा राष्ट्रिय गान गाउने र सम्मान प्रकट गर्ने कार्य पश्चात् पालिका गान गाउने र सम्मान प्रकट गर्ने कार्य गर्न अनुरोध गर्ने । साथै रेकडिङ्ग गर्ने कार्यमा भएको खर्च रकम भुक्तानी गर्ने ।<br>देहायः<br>संगितः महेन्द्र भण्डारी<br>स्वरः |

<table>
<tr><td></td><td>१. मञ्जु पौडेल, रुरुक्षेत्र-५<br>२. पवन परियार, रुरुक्षेत्र-३<br>३. दुर्गा घायल, रुरुक्षेत्र-४<br>४. नन्दु परियार, रुरुक्षेत्र-३ (बसोबास)<br>५. संगित मगर, रुरुक्षेत्र-६<br>६. सुर्य रेगामी मगर, रुरुक्षेत्र-२<br>७. विष्णु सिंजाली मगर, रुरुक्षेत्र-६<br>८. विक्रम पछाई, रुरुक्षेत्र-६<br>९. ध्रुवराज ज्ञवाली, रुरुक्षेत्र-५<br>१०. सुनिता रेगामी मगर, रुरुक्षेत्र-२<br>११.ओम ज्ञवाली, रुरुक्षेत्र-१</td></tr>
<tr><td>१०.</td><td>पिपलडाँडा शिवालय मन्दिर पौवा मर्मत, रुरुक्षेत्र-६, रिमुवाको लागि रु. १ लाख ५० हजार रकम विनियोजन गर्ने ।</td></tr>
<tr><td>११.</td><td>रुरुक्षेत्र गाउँपालिकाको वडा नं. ४ मा रहेको बलेटक्सार आयुर्वेद औषधालय भवन निर्माणको लागि रुरुक्षेत्र गाउँपालिका वडा नं. ४ निवासी श्री गोपीकृष्णको नाती श्री नेत्र प्रसाद श्रेष्ठको छोरा श्री मनि प्रसाद श्रेष्ठले निम्न अनुसारको जग्गा नि:शुल्क रुपमा उपलब्ध गराउन मंजुर भएकोले उक्त जग्गा रुरुक्षेत्र गाउँपालिकाको नाममा नि:शुल्क रुपमा लिनको लागि आवश्यक प्रक्रिया अगाडी बढाउने ।<br>निम्न अनुसार
<table>
<tr><th>क्र.सं.</th><th>जग्गाधनीको नाम थर</th><th>ठेगाना</th><th>कित्ता नं.</th><th>क्षेत्रफल</th><th>प्राप्त हुने जग्गा (रोपनी)</th></tr>
<tr><td>१.</td><td>मनि प्रसाद श्रेष्ठ</td><td>रुरुक्षेत्र-४ (साविक बलेटक्सार गा.वि.स. वडा नं. ८</td><td>५६</td><td>३-१-१-३</td><td>१-११-०-० (पूर्व उत्तर तर्फ)</td></tr>
</table></td></tr>
<tr><td>१२.</td><td>साविक करदाता सेवा कार्यालयबाट प्रवाह हुँदै आएका सेवाहरु यस गाउँपालिकाबाट प्रवाह गर्न गाउँपालिका इच्छुक भएको, सोको लागि जनशक्ति लगायत अन्य व्यवस्थापन गाउँपालिकाबाट गर्ने गरी करदातासँग सम्बन्धित सेवाहरु गाउँपालिकाबाट सम्पादन गर्न अनुरोध गर्ने ।</td></tr>
<tr><td>१३.</td><td>आ.व. २०८२/०८३ को तेश्रो त्रैमासिक अवधिको प्रगति प्रमुख प्रशासकीय अधिकृतबाट प्रस्तुतिकरण भए अनुसार समिक्षा सम्पन्न गरियो । निर्धारित समय अवधि भित्र निर्माण कार्य सम्पन्न गर्न सबै पक्षले सहयोग, समन्वय गर्ने ।</td></tr>
</table>